पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ११४ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८२ बैशाख २४ गते बुधबार ❑ 7 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## राष्ट्रिय युवा संघ नेपालको दशौं महाधिवेशन जेठमा

पोखरापत्र संवाददाता
पोखरा, २३ बैशाख




राष्ट्रिय युवा संघ नेपालको दशौं राष्ट्रिय महाधिवेशन आउँदो जेठ दोश्रो साता पोखरामा हुने भएको छ।

पर्यटनको राजधानि पोखरामा पहिलो पटक उक्त महाधिवेशन आउँदो जेठ ९ गते देखि ११ गतेसम्म हुने भएको मंगलबारपोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । उक्त महाधिवेशनमा देशभरीबाट करिब २ हजार जना प्रतिनिधिको उपस्थिति रहने गरी तयारी गरिएको राष्ट्रिय युवा संघ नेपालका अध्यक्ष क्षितिज थेवेले बताउनु भयो। उक्त अधिवेसनले नयाँ नेतृत्व चयन सहित २० बर्षीय युवा रणनीतिक योजना ल्याउने अध्यक्ष थेवेले जनाउनु भयो । उक्त कार्यक्रमको उद्घाटन नेकपा (एमाले) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नुहुने भएको उहाँले जनाउनु भयो। नेपालको कुल जनस८्याको ४२.५६ प्रतिशत युवाको जनसंख्या रहेको बताउदै अध्यक्ष थेवेले नेपालमा युवाहरुलाई राख्न र स्वरोजगार एवं उद्यमी बनाउन विना धितोमा ऋण दिने व्यबस्था आफ्नो पहलमा सरकारले ल्याउन लागेको जनाउनु भयो। मार्क्सवादी वितरण प्रणालीले भने जस्तै समाजवादी अर्थतन्त्रको प्रारम्भिक विकासको चरणमा कुनै पनि काम गर्ने केन्द्रीय कमिटी उमेर समूहको व्यक्तिलाई उसको योग्यता अनुसारको काम र आवश्यकता अनुसारको पारिश्रमिकको ग्यारेन्टी नै भएको संघको दाबी छ। संघका ईन्चार्ज राजिव पहारीले पोखराको फेवाताल सुस्ताएको उल्लेख गर्दै पोखरीको रूपमा परिणत हुँदै गएकोमा चिन्ता व्यक्त गर्नुभयो । निरंकुसबादी बिरूद्ध युवा संघ लड्ने बताउदै उहाँले लोकतन्त्रको विकल्प नभएको जनाउनु भयो। उक्त महाधिवेसन कम खर्चमा मित व्ययी ढंगबाट गरिने भएको उपाध्यक्ष एवं प्रवक्ता कृष्णहरि केसीले बताउनु भयो । संस्थाका सदस्यहरुबाट लेवि, प्रतिनिधि शुल्क, केही सहयोगी दाताको सहयोगबाट अधिवेशन व्यबस्थापन गरिने भएको उहाँले जनाउनु भयो । खानपिनको लागि चामल, दाल, मोही सम्म सहयोग आउन थालेको संघले जनाएको छ।

## करको दायरा बढाउन माग

पोखरापत्र संवाददाता
पोखरा, २३ बैशाख

पोखराका उद्योगी-व्यवसायीले करको दर नभई दायरा बढाउन पोखरा महानगरपालिकासँग आग्रह गरेका छन्।

प ा े ख र ा उद्योग वाणिज्य सङ्घद्वारा पोखरा महानगरपालिकासँगको सहकार्यमा आयोजित आगामी आर्थिक वर्षको राजस्व नीतिबारे सुझाव विषयक अन्तरक्रियामा निजी क्षेत्रका प्रतिनिधिले यस्तो सुझाव दिएका हुन्।

पोखरा महागनरभित्र आधिकारिकभन्दा अनधिकृत रूपले व्यवसाय गर्नेहरूको सङ्ख्या बढी भएको जिकिर गर्दै व्यवसायीले त्यसका कारण आधिकारिक निकायमा दर्ता गर्ने व्यवसायीलाई मर्का परेको बताए । महानगरले लागू गर्ने कर तथा राजस्व नीति नागरिक र व्यवसायमैत्री हुनुपर्नेमा व्यवसायीहरूको जोड छ। पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्कीले दर्ताबिना नै चलेका व्यवसायकै कारण कर तिरेर व्यवसाय गर्नेहरू मर्कामा परेका तथा भन्सारमा राजस्व तिरेर ल्याइएका सामग्रीभन्दा पनि चोरी पैठारीबाट आउने सामानको अनधिकृत बिक्री हुने सम्भावना बढेको बताउनुभयो। आफूहरू कर तिर्न तयार रहेको बताउँदै उहाँले एक ठाउँमा कर तिरेपछि सोही प्रकृतिको कर अन्य ठाउँमा तिर्न नपर्ने गरी व्यवस्था हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । अर्थतन्त्र बलियो नबन्दासम्म पूर्वाधार र सामाजिक कार्यमा दिल खोलेर खर्च गर्न सकिँदैन भन्नेबारे निजी क्षेत्र जानकार रहेको बताउँदै उहाँले व्यवसायमैत्री नीति आवश्यक हुने बताउनुभयो।

पोखरामा लामो समयदेखि घरबहाल कर समस्याका रूपमा देखापरेको बताउँदै उहाँले घरबहाल करको दायित्व घरधनीकै भएकाले त्यस्तो कर घरधनीबाट नै भुक्तानीको व्यवस्था गरिनुपर्ने माग गर्नुभयो। लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष विनोद श्रेष्ठले व्यवसायीलाई मर्का नपर्ने गरी राजस्व नीति आउनुपर्ने बताउँदै त्यसमा निजी क्षेत्रले सहकार्य गर्नुपर्ने बताउनुभयो। नेपाल उद्योग परिसङ्घ गण्डकीका अध्यक्ष विनोद शर्मा, पोखरा चेम्बर अफ कमर्सका अध्यक्ष उमराज बाँस्तोला, लेखनाथ उद्योग वाणिज्य सङ्घकी महासचिव जानुका पराजुली, पोखरा उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्यलगायतले राज्यको नीति व्यवसायमैत्री हुनुपर्ने बताउनुभयो। पोखरा महानगरका उपप्रमुख एवं राजस्व परामर्श समितिकी संयोजक मञ्जुदेवी गुरुङले निजी क्षेत्रले उठाएका मागलाई सम्बोधन गरिने बताउनुभयो । सार्वजनिक-निजी साझेदारीअनुरुप निजी क्षेत्रसँग सहकार्य गर्न महानगर तयार रहेको बताउँदै उहाँले आउँदा दिनमा निजी क्षेत्रसँगको सम्बन्ध अझ मजबुत बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । महानगरको राजस्व नीतिलाई निजी क्षेत्रमैत्री बनाउने तथा कर प्रणालीमा सुधार गर्दै अगाडि बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

पोखरा महानगरपालिकाको राजस्व महाशाखा प्रमुख नवराज पौडेलले चालु आर्थिक वर्षमा लक्ष्यअनुरुपको राजस्व नउठेको जानकारी दिनुभयो । महानगरले आन्तरिकतर्फ विभिन्न शीर्षकबाट रु एक अर्ब ७० करोड राजस्व सङ्कलनको लक्ष्य राखेकामा त्यसलाई संशोधन गर्दै रु एक अर्ब १८ करोडको लक्ष्य निर्धारण गरिएको उहाँले जानकारी दिनुभयो । यस वर्ष नै लक्ष्य नभेटिएपछि आगामी आवमा त्योभन्दा कम राजस्व सङ्कलनको लक्ष्य राखिने उहाँले बताउनुभयो।

## पूर्वमन्त्री प्रदीप नेपालको निधन

रासस
काठमाडौं, २३ बैशाख



नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता एवं पूर्वमन्त्री प्रदीप नेपालको निधन भएको छ।

केही वर्षदेखि पार्किन्सन रोगबाट पीडित उहाँको मंगलबार उपचारका क्रममा काठमाडौँस्थित नर्भिक अस्पतालमा निधन भएको एमाले संसदीय दलका प्रमुख सचेतक महेश बर्तौलाले जानकारी दिनुभयो। तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी नेतृत्वमा गठित पहिलो वामपन्थी सरकारमा उहाँ सूचना तथा सञ्चारमन्त्री हुनुहुन्थ्यो । यसैगरी उहाँले जलस्रोत र शिक्षा मन्त्रालयको जिम्मेवारीसमेत सम्हाल्नुभएको थियो। एमालेको पोलिटब्युरो सदस्य रहिसक्नुभएका उहाँले पत्रकारिता एवं साहित्य विधामा निरन्तर कलम चलाउदै आउनुभएको थियो । नेपालले एमालेको प्रचार तथा प्रकाशन विभाग प्रमुख तथा प्रवक्ताका रूपमा समेत काम गर्नुभएको थियो । उहाँ २०५६ सालमा काठमाडौ क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो भने त्यसअघि राष्ट्रियसभा सदस्य रहनुभएको थियो । नवयुग, दृष्टि, छलफल, प्रकाश साप्ताहिकमा सम्पादक हुनुभएका नेपाल विभिन्न पत्रपत्रिकामा लेख, रचना र नियमित स्तम्भकारका रूपमा पनि सक्रिय हुनुहुन्थ्यो। भूमिगत कालमा उहाँ सञ्जय थापाका नाममा परिचित हुनुहुन्थ्यो।

नेपालको जन्म विसं २०१० पुस २८ गते भोजपुरको गोगने गाउँमा भएको थियो।

## एकै महिनामा साढे ४४ हजार पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिए

पोखरापत्र संवाददाता
पोखरा, २३ बैशाख

दोस्रो मुख्य पर्यटकीययाममा यहाँको अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्यटकको आउजाउ बढेको छ।

गत अप्रिलमा मात्र ४४ हजार सात सय ६३ विदेशी पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले जनाएको छ।

जुन गत वर्ष सोही महिनाको तुलनामा १० हजार आठ सय ५२ ले बढी हो। सन् २०२४ को अप्रिलमा ३३ हजार नौ सय ११ जना पर्यटकले उक्त क्षेत्रमा भित्रिएका थिए । ‘एक्याप’ को आँकडाअनुसार पछिल्ला वर्षमा पर्यटन आगमन दर वृद्धि भइरहेको छ । कोभिड-१९ महामारीका बेला थलिएको यस क्षेत्रको पर्यटन पुनः पुरानै लयमा फर्किएको ‘एक्याप’ का प्रमुख डा रविन कडरियाले बताउनुभयो । मार्चदेखि मे महिनासम्म धार्मिक भ्रमणदेखि पदयात्राका लागि उल्लेख्य मात्रामा पर्यटक यस क्षेत्रमा आउने गरेको उहाँको भनाइ छ। गत मार्चमा ३६ हजार आठ सय ३४ पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए।

त्यसअघि फेब्रुअरीमा १२ हजार ६८ र जनवरीमा नौ हजार तीन सय ५९ पर्यटक मात्र उक्त क्षेत्रमा आएका थिए। सन् २०२५ लागेयता अघिल्ला वर्षहरूको तुलनामा पर्यटक आगमन दर बढेको प्रमुख डा कडरियाले बताउनुभयो । सन् २०२४ को पहिलो चार महिनामा ७८ हजार नौ सय ६८ पर्यटक भित्रिएकामा यो वर्षको पहिलो चार महिनामा एक लाख तीन हजार २४ पर्यटक आएका हुन्। सन् २०२३ को सोही अवधिमा जम्मा ६८ हजार सात सय ५६ पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । अन्नपूर्ण क्षेत्र पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध गन्तव्य हो। वर्षात् र जाडो याममा यस क्षेत्रमा आउने पदयात्री पर्यटकको सङ्ख्या न्यून हुने गरे पनि अन्य सययमा भने आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल हुने गरेको छ । सडकमार्गबाट घुम्न र पदयात्रा गर्न आउने विदेशी पर्यटकको सङ्ख्या बढेको आयोजना कार्यालयले जनाएको छ। मुक्तिनाथलगायत गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडक मार्ग प्रयोग गरे पनि अन्य मुलुकका पर्यटकले भने पदयात्रा रुचाउने गरेका छन् । ‘एक्याप’ले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ।

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, सिक्लेस, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायत गन्तव्यस्थलमा बर्सेनि लाखौँ आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन्।

सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा पर्छन् । अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सम्भयता, संस्कृति आदि कारणले आन्तरिक तथा बाह्यक पर्यटकको रोजाइमा पर्ने गरेको छ।

हिमशृङ्खलासहितका आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, हावापानी, स्थानीयवासीको आतिथ्यता र सेवा सुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा चिनिएको छ। कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायतका मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा गर्न सकिन्छ।

सामाजिक सुरक्षा कोषमा सहभागी बनौं
◆ सामाजिक सुरक्षा कोषले सञ्चालन गर्ने योजना अन्तर्गत:
● औषधी उपचार तथा स्वास्थ्य सुरक्षा योजना,
● मातृत्व सुरक्षा योजना
● दुर्घटना सुरक्षा योजना,
● अशक्तता सुरक्षा योजना,
● आश्रित परिवार सुरक्षा योजना,
● वृद्धावस्था सुरक्षा योजना,
बेरोजगार सहायता योजनामा सहभागी भई लाभान्वित होऔं।
*सामाजिक सुरक्षा कोषमा आवद्धता, आफ्नो र परिवारको भविष्य सुनिश्चितता।*
नेपाल सरकार
विज्ञापन बोर्ड



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गाउँ पर्यटन प्रवर्द्धनका लागि जेठ दोश्रो साता पोखरामा 'गाउँ पर्यटन मार्ट' हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

गण्डकी प्रदेशको ग्रामिण पर्यटन प्रवर्द्धनका लागि पोखरामा 'ग्रामिण पर्यटन मार्ट' आयोजना हुने भएको छ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको आयोजनामा पोखरामा आउँदो जेठ महिनाको ९ र १० गते उक्त कार्यक्रम हुने भएको पर्यटन बोर्डले जनाएको छ।

गण्डकी प्रदेशका ११ जिल्लाका कम्तिमा एक जिल्लाबाट दुई वटा होमस्टेहरुलाई पोखरासम्म ल्याउदै उक्त क्षेत्रका होमस्टे सहित त्यस क्षेत्रका पर्यटकीय गन्तव्यहरुको समेत प्रबर्द्धन गरिने भएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले बताउनु भयो।

उहाँले भन्नुभयो"पर्यटनको राजधानि पोखरा पर्यटनको ट्रान्जिट प्वाइट भएकोले यस क्षेत्रका होमस्टे सहित हालै संचालनमा आएका पर्यटकीय कुनै पनि गतिविधिलाई हामीले प्रचार प्रसार तथा प्रबर्द्धन गराउने उद्धेश्यले उक्त कार्यक्रम आयोजना गर्न लागेका हौं।"

हालै संचालनमा आएका होमस्टे तरप्रचारप्रसारको अभावमा ओभेलमा परेका सम्भावना भएका होमस्टेहरुको प्रचार प्रसार सहित प्रबर्द्धन गर्नु बोर्डको मुख्य उद्धेश्य रहेको प्रमुख लामिछानेले जनाउनु भयो।

आवेदन आएका होमस्टेहरुको छनौट गरी कम्तिमा २२ वटा होमस्टेलाई व्यबसायीक प्रबर्द्धनको लागि स्टल सहितको व्यबस्थापन गर्ने गरी तयारी गरिएको पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारीले बताउनु भयो।

गाउँ पर्यटन प्रर्बद्धन मञ्च नेपाल (भिटोफ नेपाल) गण्डकी प्रदेशको सह आयोजनामा, गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालय, पोखरा पर्यटन परिषद तथा होमस्टे (घरवास) महासंघ नेपाल (होफेन) गण्डकी प्रदेशको सहकार्यमा उक्त कार्यक्रम हुने भएको हो। नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालयले एक सूचना जारी गर्दै गण्डकी प्रदेश भित्रका सामुदायिक होमस्टे, फर्म, कम्पनी तथा गैरसरकारी संस्थाहरुलाई सहभागिताका लागि आवेदन दिन आव्हान समेत गरेको छ। इच्छुक संस्थाहरूले यही वैशाख २६ गतेभित्र आवेदन दिन सक्नुहुने छ। सहभागिताका लागि आवश्यक कागजातहरूमा संस्था/फर्म/कम्पनी दर्ताको प्रमाणपत्र (नवीकरण सहित), स्थायी लेखा नम्बरको प्रमाणपत्र र आ.व. ०८०/८१ को कर चुक्ता प्रमाणपत्र (नयाँ दर्ता भएकाका लागि आवश्यक नपर्ने) पर्यटन वोर्डले जनाएको छ।

# गण्डकी प्रदेशका दश विद्यालयमा टेलिकमको निशुल्क इन्टरनेट

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख




नेपाल टेलिकम दुरसञ्चार कम्पनी लिमिटेड कार्यालय पोखराले विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउँदै दुरसञ्चार सेवाको पहुँच बृद्धि गर्ने लक्ष्यका साथ गण्डकी प्रदेशका विभिन्न १० वटा सामुदायिक विद्यालयमा निशुल्क ईन्टरनेट सेवा उपलव्ध गराएको छ।

संस्थागत सामाजिक उत्तरदायित्व(सीएसआर) अन्तर्गत ग्रामीण एवम् पिछडिएको क्षेत्रका विद्यार्थीले इन्टरनेटको माध्येमबाट पठनपाठनलाई सहज बनाउन टेलिकमले ५० एमवीपीएस गतिको एफटीटीएच इन्टरनेट सेवा एक बर्षसम्मका लागि निःशुल्क उपलव्ध गराएको हो। पोखरा महानगरपालिका वडा नं. १७ महतगौडास्थित जानकी माध्यमिक विद्यालयलाई राउटर सहितको फोरजी इन्टरनेट प्याकेज हस्तान्तरण कार्यक्रममा टेलिकम कार्यालय पोखराका कार्यवाहक प्रमुख विकास राज तिमिल्सिनाले उक्त जानकारी दिनुभयो।

कार्यालयबाट हालसम्म सरास्वती मावि स्याङजा, वालमन्दिर मावि गोर्खा, त्रिभुवन मावि सुन्दर बजार लमजुङ, रामशाह मावि आँपुखैरेनी तनहुँ र मुक्तिधाम वृद्धाश्रम सुक्लागण्डकी तनहुँ एवम् वागलुङमा तिन, नवलपुरमा दुई विद्यालयमा निशुल्क सेवा उपलव्ध गराइएको छ। नेपाल टेलिकम सरकारी नाफा मुलक संस्था भएको बताउँदै ग्राहक वर्गले स्वदेशी इन्टरनेट प्रयोग गरेर मुलुकको समग्र विकास निर्माण र समृद्धिसंग जोड्नु पर्नेमा उहाँको जोड थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा कम्पनीका सेल्समेन दिनेशमणी लामिछाने,, विद्यालयका सल्लाहकार रवि भण्डारी, प्रधानध्यापक अर्जुन कडेल लगायतले प्राविधिक शिक्षा र इन्टरनेटको महत्व माथि प्रकाश पार्नुभएको थियो। विद्यालयमा ३५० जना विद्यार्थी अध्ययनरत छन्।

# यु १६ विद्यालयस्तरीय टी २० क्रिकेट

**विशाल गाहामगर/सागर परियार**
पोखरा, २३ बैशाख

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा मंगलबारदेखि कास्की जिल्ला क्रिकेट संघको आयोजनामा मंगलबारदेखि यु १६ विद्यालयस्तरीय पुरुष क्रिकेट प्रतियोगिता शुरु भएको छ।




राउण्ड रोविनमा खेलाईएको प्रतिस्पर्धामा पोखरामा पाँच विद्यालयले सहभागिता जनाएका छन्। मंगलबारको खेलमा कुमुदिनी होम्सलाई हिमालयन बोर्डिङले ९ विकेटले पराजित गरेको छ। टस जितेर व्याटिङ गरेको कुमुदिनी होम्सले २० ओभर खेल्दै ८ विकेटको क्षतिमा ६५ रनको योगफल तयार पार्‍यो। मिजास पोखरेलले २० बलमा २० रनको योगदान गरे। हिमालयनका सुदर्शन कोईरालाले ४ ओभरमा १० रन दिएर ४ विकेट लिए। जवाफी व्याटिङ गरेको हिमालयनले एक विकेटको क्षतिमा ६९ रन बनाउँदै जित निकाल्यो। केवल ७.१ ओभर खेल्ने क्रममा हिमालयनका सफलसुगम थापाले २० बलमा ४४ रनमा अविजित खेले। त्यस्तै १९ बलमा १४ रन बनाउँदै आयुष पनेरु अविजित रहे। खेलमा सफलसुगम थापा प्लेयर अफ दि म्याच घोषित भए। संघले यु १६ विद्यालयस्तरीय टी-२० क्रिकेट प्रतियोगिताबाट जिल्लास्तरीय टोली बनाईने छ।

सन २०२५ मा एशियन क्रिकेट काउन्सिलको आयोजनामा हुने एसिसी मेन्स यु १६ इष्टजोन कप २०२५ को सहभागिता जनाउने छ। इष्टजोन कपको लागि नेपाली राष्ट्रिय छनोट गरिने छ। छनोटको पूर्वसन्ध्यामा जिल्लाको टोली तयार हुने संघले जनाएको छ। प्रतियोगिताबाट छनोट गरिएको जिल्ला टोलीले जेठको दोस्रो सातादेखि प्रदेशस्तरीय टोली निर्माण गर्न जिल्लाको प्रतिनिधित्व गर्ने छ।

प्रतियोगिताको उदघाटन कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मिलन गुरुङले उदघाटन गरेका थिए।

# कान्छी श्रीमतीको हत्या पछि बराल आफैले गरे आत्महत्या

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

कान्छी श्रीमतीको हत्या पछि पोखरामा ऋषिराम बराल आफैले आत्महत्या गर्नु भएको छ।

पोखरा पार्दीमा बस्दै आउनु भएको ऋषिरामले ३७ बर्षीया कान्छि श्रीमती देवि पराजुलीको धारिलो हतियार(चक्कु) प्रहार गरी हत्या गरे पछि आफुले समेत आफैलाई घाँटीमा चक्कु प्रहार गरी आत्म हत्या गरेको कास्की प्रहरीले जनाएको छ। पोखराको मासवारमा पुरानो घर भएका ५७ बर्षीय ऋषिरामले सोमबार दिउँसो करिब १:३० बजे कान्छी श्रीमतीसँग भनाभन भएसंगै चक्कु प्रहार गरी हत्या गरेको हुन सक्ने कास्कीका सूचना अधिकारी डिएसपी हरि बहादुर बस्नेतले बताउनुभयो।

ऋषिरामकी कान्छि श्रीमतीको सोमबार नै हत्या भएको हो भने उहाँको उपचारको क्रममा आज पोखराको गण्डकी मेडिकल कलेजमा मृत्यु भएको अस्पताल श्रोतले जनाएको छ। घटनास्थलबाट प्रहरीले २ थान धारिलो चक्कु र मेटासिनको खाली वोत्तल समेत बरामद गरेको छ। ऋषिरामले आफ्नो घाँटीमा चक्कु प्रहार सहित मेटासिन समेत सेवन गरेको हुन सक्ने प्रहरीले जनाएको छ।

छिमेकीहरूका अनुसार जेठी श्रीमतीसँग पुनः नजिकिएको थाहा पाएपछि दम्पती बीच सम्बन्ध बिग्रँदै गएको बताइन्छ। हत्याअघि बरालले फेसबुकमा जेठी श्रीमतीसँगको तस्बिर र भिडियोसमेत पोष्ट गर्नु भएको थियो।

# 'इतिहास राजा महाराजको गुनगानको विषय होइन'

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

'विभिन्न समयका शासक वर्ग, राजा महाराजको जीवनी र वंशावलीलाई मात्र प्रस्तुत गर्नु इतिहास अध्ययनमा ठूलो भूल हो।

इतिहासका अध्येताहरू ज्ञानको ढोकालाई खुला राखेर नयाँ कुरामा अद्यावधिक हुँदै जानुपर्छ। तर, इतिहास विषयलाई नै आफ्नो क्षेत्र बनाउनेहरूमा अध्ययनको कमी छ। यसो हुँदा बुझाईमा समस्या हुन्छ।' इतिहास विषयका प्राध्यापकहरू एकमत छन्।

पृथ्वीनारायण क्याम्पस, इतिहास तथा संस्कृति विभागका प्राध्यापकहरू र विद्यार्थीहरू सोमबार पोखरा नजिकैको रमणीय पर्यटकीय स्थल ढिकीडाँडा उक्लिए। विभागले पहिलो पटक क्याम्पस परिसर बाहिर विद्यार्थीका लागि शोध-पत्र (थेसिस) प्रस्ताव लेखन सम्बन्धी कार्यशाला गोष्ठी आयोजना गर्दै विद्यार्थीलाई उत्साहित र रोमाञ्चित बनायो। गोष्ठीमा इतिहास विषय अध्ययनरत स्नातकोत्तर तह चौथो र तेस्रो सेमेष्टरका विद्यार्थी सहभागी थिए। गोष्ठीमा निवर्तमान विभागीय प्रमुख बसन्त पराजुलीले भने - 'इतिहास भन्नासाथ यसलाई अन्य विषयबाट अलग राखेर हेर्ने गरिन्छ। मानव जीवन र समाजका सवै विधा समावेश भएको एउटा मात्र विषय वास्तवमा इतिहास नै हो। तसर्थ, इतिहास अध्ययनको महत्व जति छ, त्यसको चर्चा जति गरेपनि अपुग छ।'




विभागीय प्रमुख सहप्राध्यापक नारायण ढकालले त्रिभुवन विश्वविद्यालय, इतिहास तथा संस्कृति विभागले यहाँ अध्ययन गर्न चाहाने विद्यार्थीलाई प्रमुख प्राथमिकता दिएको बताउँदै विद्यार्थीका लागि कहिँकतै, कहिल्यै कुनै कुरामा कमजोरी हुन नदिएको बताए। 'यहाँहरूलाई थाहै छ। केही वर्ष अघिसम्म पनि विद्यार्थी थिएनन्। अहिले, क्रमशः यस विषयमा रुचि बढ्दै गएको छ।' - उनले भने - 'इतिहास विषयको समयानुकुल पाठ्यक्रम परिमार्जन भइरहेको छ। पृथ्वीनारायण क्याम्पसमा पछिल्लो तीन वर्षलाई हेर्ने हो भने पनि विद्यार्थीको रुचि बढेको देख्दा हामी हर्षित छौं।'

शोध-पत्र प्रस्ताव लेखनका प्रमुख प्रशिक्षक सहप्राध्यापक अर्जुनबहादुर भण्डारीले ऐतिहासिक समयको अनुशीलनले वर्तमान अवस्थामा त्यसले पारेको प्रभावबारे शिक्षा प्राप्त गरी भविष्यमा अपनाउनु पर्ने सतर्कताबारे सचेत गराउने विषय इतिहास रहेको बताए।

'अहिले राजा महाराजाको महिमा मण्डन मात्रै इतिहास विषय होइन भन्ने धारणा बन्दै गएको छ।' भण्डारीले भने- 'विगतमा राजनीतिक व्यवस्थाहरु अनुकूल थिएन। त्यसले इतिहास विषयमा सीमा निर्धारण गरिदिएको थियो। अबको परिवेश त्यस्तो छैन। सही शिक्षा मिल्ने भएपछि विद्यार्थीको रुचि पनि बढ्दै गएको छ।'

सहप्राध्यापक डा. दीर्घमान गुरूङले अहिले र पहिलेको विश्वलाई तुलनात्मक दृष्टिकोणले बुझ्ने र विगतका अनुभवबाट शिक्षा लिँदै आजको दिशा निर्धारण गरी भविष्यको गन्तव्य तय गर्ने विधा नै इतिहास रहेको उल्लेख गरे। इतिहास विभागको पाठ्यक्रमलाई समय समयमा सुधार गरी समय उपयोगी बनाउन जरुरी रहेकोमा उनले जोड दिए। उपप्राध्यापक तथा प्रशिक्षक चन्द्रकान्त पौडेलले जुन मुलुकले इतिहासको अध्ययनलाई महत्व दिएर आफ्नो सभ्यता र संस्कृतिलाई इतिहासबाट पाठ सिक्दै जगेर्ना गर्ने प्रयत्न गरेको हुन्छ, त्यो देशले विकासमा फड्को मारेको बताए।

दुई दिवसीय गोष्ठीमा प्रमुख प्रशिक्षक सहप्राध्यापक अर्जुन बहादुर भण्डारी, सहप्राध्यापक डा. दीर्घमान गुरूङ, उपप्राध्यापक चन्द्रकान्त पौडेल, लक्ष्मण श्रेष्ठ, तोयनारायण देवकोटासहित इतिहासका विद्यार्थी एवं पोखरा युनिभर्सिटीका एशोसियट प्रोफेशर कोमल मल्लले शोधप्रस्ताव लेखन विधिबारे प्रशिक्षण दिएका थिए।

विभागीय प्रमुख नारायण ढकालको अध्यक्षतामा भएको गोष्ठी शुभारम्भ कार्यक्रममा उपप्राध्यापक चन्द्रकान्त पौडेलले स्वागत र तोयनारायण देवकोटाले सञ्चालन गरेका थिए। विद्यार्थीका तर्फबाट बोल्दै विपिन आचार्यले कार्यशाला गोष्ठी निकै उपयोगी बनेको बताए।

विभागीय प्रमुख ढकालले शोधप्रस्ताव लेखनको तयारीमा रहेका विद्यार्थीलाई लक्षित गरी आयोजित यस प्रकारको गोष्ठीले विद्यार्थीलाई लेखनमा सहजता मिल्ने बताउँदै विषयगत विज्ञ प्राध्यापकहरूको अनुभवलाई विद्यार्थीसँग बाँड्ने हेतु कार्यक्रम आयोजना गरेको बताए।

# स्व.गजेन्द्र भण्डारी सिर्जनशील राष्ट्रिय पत्रकारिता पुरस्कार पत्रकार पाठक र अधिकारीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

स्व.गजेन्द्र भण्डारी सिर्जनशील राष्ट्रिय पत्रकारिता पुरस्कारबाट पोखरामा क्रियाशील पत्रकारद्वय केशव पाठक र दुर्गा अधिकारीलाई प्रदान गरिने भएको छ।

पत्रकार पाठकले २०८१ र अधिकारीले २०८२ को पुरस्कार प्राप्त गर्ने भएका हुन्। पुरस्कारको राशि नगद रु. २५ हजार एक रुपैयाँ रहेको छ। पत्रकार गजेन्द्र भण्डारीको सम्झनामा उनका परिवारद्वारा स्थापित, नेपाल पत्रकार महासंघ कास्कीद्वारा सञ्चालित पुरस्कार यहि जेठ २ गते स्व.पत्रकार गजेन्द्र भण्डारीको जन्म जयन्तीको अवसरमा प्रदान गरिने भएको हो। पत्रकारद्वय पाठक र अधिकारीले पोखरामा रहेर दुई दशक भन्दा बढी समयदेखि पत्रकारिता गर्दै आइरहेका छन्। नेपाल खेलकुद पत्रकार मञ्चका पुर्व अध्यक्ष समेत रहेका पाठक पोखरा स्पोटस् अनलाइनका सम्पादक हुन। उनले युवा तथा खेलकुद मन्त्रालयबाट २०७६ को राष्ट्रिय खेलकुद पत्रकारिता पुरस्कार, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशले प्रदान गर्ने उत्कृष्ट खेल पत्रकारिता पुरस्कार लगाएतबाट सम्मानित भइ सकेका छन्।

क्रियाशिल पत्रकार महिला समुह गण्डकी प्रदेशका पुर्व अध्यक्ष समेत रहेकी अधिकारी निजी रेडियोहरुको छाता संगठन वानका केन्द्रिय उपाध्यक्ष हुन। आमसञ्चार र पत्रकारिता एवम समाजशास्त्रमा स्नाकोत्तर गरेकी उनी यस अघि राष्ट्रपतिद्धारा जनसेवा श्री पञ्चमबाट विभुषित, नेपाल पत्रकार महासंघ कास्कीद्धारा स्थापित स्व. जगन्नाथ सिग्देल हिमदुत पत्रकारिता पुरस्कार,प्रेस काउन्सिल युवा पत्रकार सम्मान २०७२ लगाएतका पुरस्कारबाट सम्मानित भइ सकेकी छन्। पाठक विशेषगरी खेलकुद पत्रकारितामा सक्रीय छन् भने अधिकारी रेडियो सफलता १०३.४ मेगाहर्जमा आवद्ध छन्। नेपाल पत्रकार महासघंका पुर्व अध्यक्ष एवम सल्लाहकार दिपेन्द्र श्रेष्ठ संयोजक, राज बहादुर गुरुङ र रामप्रसाद तिमिल्सेना सदस्य तथा महासंघका अध्यक्ष माधव बराल र सचिव भुपाल गुरुङ पदेन सदस्य रहनेगरि गठित प्रतिभा छनोट समितिले गरेको सिफारिसलाई महासंघको मगंलबार सम्पन्न बैठकले अनुमोदन गरेको हो। बैठक पत्रकार महासंघका अध्यक्ष माधव बरालको अध्यक्षतामा सम्पन्न भएको थियो। स्व.गजेन्द्र भण्डारी सिर्जनशील राष्ट्रिय पत्रकारिता पुरस्कार पत्रकारिता मार्फत समाज, राष्ट्र र लोकतन्त्र प्रति योगदान पुर्‍याएका पत्रकारको सम्मानमा अर्पण गरिने गरिएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

- पल क्लिथेरोई

## सम्पादकीय

# गणतन्त्रको विकल्प उन्नत गणतन्त्र

लोकतान्त्रिक प्रणालीको विकल्प उन्नत लोकतन्त्र हो।लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीमा मन नपर्ने दल र नेता फेर्न पाइन्छ। आबधिक निर्वाचनमा मन नपर्ने नेता र दल फेर्न पाईने गणतन्त्र राजतन्त्रको तुलनामा धेरै उन्नत छ । जहाँ शक्ति जनतामा निहित हुन्छ । जनताले आफ्ना प्रतिनिधिहरूलाई छान्ने र उनीहरूलाई जवाफदेही बनाउने अधिकार राख्छन् । यो प्रणालीले योग्यता, पारदर्शिता, र जनताको सहभागितालाई बढावा दिन्छ । जसले देशको विकास र समृद्धिलाई सुनिश्चित गर्दछ । जनताबाट निर्वाचित हुन आफ्नो योग्यता पेस गर्नेपर्छ। अरु भन्दा राम्रो देखिन र देखाउन पनि योग्यताको प्रतिस्पर्धा हुन्छ।

हिजो राजतन्त्रको वेला टपक्क टिपेर विभित्र पदमा पुगेका केहीले राजतन्त्रलाई स्थिरता र परम्पराको प्रतीकको रूपमा प्रस्तुत गर्छन् । तर इतिहासले देखाउँछ कि यो स्थिरता प्रायः दमन र असमानतामा आधारित हुन्छ। अतः जनताको आवाजलाई दबाएर र परिवर्तनलाई रोकेर, राजतन्त्रले दीर्घकालीन रूपमा देशलाई कमजोर मात्र बनाउँछ । राजतन्त्रलाई स्थिरताको प्रतीक मान्नु भ्रम मात्र हो। यो प्रणालीमा शक्ति वंशानुगत रूपमा एउटै परिवारमा निहित हुन्छ। यही कारण यसले स्वाभाविक रूपमा असमानता र अधिनायकवादलाई मात्र बढावा दिन्छ।

आजको विश्वमा, जहाँ सूचना र प्रविधिले जनतालाई सशक्त बनाएको छ। २१ औं शताब्दीका जनता पक्कै पनि आफ्नो भाग्यको निर्माता आफै बन्न चाहन्छन्,न कि जन्मसिद्ध अधिकारबाट शासन गर्ने कसैको अधीनमा रहन । अतः गणतन्त्रको जगमा उभिएको नेपालमा राजसंस्था पुनर्स्थापनाको चर्चा केवल दिवास्वप्न हो। कसैको लहड र दम्भले जनताको बलिदानी र राजनीतिक सहमतिबाट प्राप्त उपलब्धि उल्टाउने सम्भावना न्यून छ । संविधान संशोधनको जटिलता, जनमतको अभावले यो विषयलाई वास्तविकताभन्दा धेरै टाढा पुऱ्याइसकेको छ । तसर्थ नेपालमा राजतन्त्रको औचित्य समाप्त भइसकेको छ । लोकतान्त्रिक प्रणालीको विकास, गणतान्त्रिक संविधान, निरंकुश शासनको अन्त्य, सामाजिक समानता र विश्वव्यापी लोकतान्त्रिक प्रचलनले राजतन्त्रलाई असम्भव बनाउँछ। विगतका आन्दोलनले पनि राजतन्त्र र लोकतन्त्र बीचको असंगतिलाई स्पष्ट पारेका छन् । यसैले राजसंस्था पुनर्स्थापनाको चर्चा केवल दिवास्वप्न मात्र हो । गणतन्त्र दिवसका दिनमा राजा गद्दीमा फर्कन्छन र गणतन्त्र समाप्त हुन्छ भन्ने दिउँसै देखेको सपना मात्रै हो। यथार्थमा गणतन्त्रलाई बलियो बनाउन सबैलाई अठोट गर्ने दिन हुनेछ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शुभ यात्रा | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : मानसिक तनाव |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# पूर्व कर्मचारी सेवा परिषद्, नेपाल लमजुङ शाखाको चौथो साधारण सभा सम्पन्न




**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

पूर्व कर्मचारी सेवा परिषद्, नेपाल लमजुङ शाखाको चौथो साधारण सभा सोमबार लमजुङ सदुरमुकाम बेशीशहरमा सम्पन्न भयो ।

कार्यक्रमको अध्यक्षता लमजुङ शाखाका अध्यक्ष धनुदेवी श्रेष्ठ 'पिया'ले गर्नुभयो । प्रमुख अतिथि प्रजिअ माधव प्रसाद पोखरेल(लमजुङ), विशिष्ठ अतिथि पूर्व कर्मचारी सेवा परिषद्, केन्द्रिय उपाध्यक्ष रामबाबु नेपाल, अतिथि गण्डकी प्रदेशका अध्यक्ष गिरधारी सुवेदी, अतिथि गण्डकी प्रदेश शाखाका उपाध्यक्ष सूर्य प्रसाद बरालसमेतले पूर्व कर्मचारी परिषद्को विविध पक्ष बारे प्रकाश पार्नु भएको थियो । कार्यक्रमको संचालन सचिव बुद्धि ब. बानिया गर्नुभएको थियो भने कोषाध्यक्षले प्रतिवेदन पेश गर्नुभएको थियो ।

# काहुँखोला भाट समाजको १५ औं साधारण सभा तथा सम्मान कार्यक्रम




**विनिता गाहामगर / सबिना कुवर**
पोखरा, २३ बैशाख

काहुँखोला भाट समाजको १५ औं साधारण सभा तथा सम्मान कार्यक्रम शनिबार सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि वडा नं. १३ का अध्यक्ष किरण बरालले उद्धाटन गर्दै रानाभाट बन्धुहरु आफ्नै परिवारका सदस्य जस्तै लाग्ने बताउँदै समाज लाई आबश्यक सहयोग गर्न आफू तत्पर रहेको बताए।

सो अबसरमा रानाभाट/भाट समाज गण्डकी प्रदेशका कोषाध्यक्ष ज्योतिष रुद्र बहादुर रानाभाट, दरबारथोक मिडिया प्रा.लि.का अध्यक्ष कृष्ण रानाभाट, निवर्तमान अध्यक्ष सु. भिमबहादुर रानाभाट र पुर्व अध्यक्ष एकदेव रानाभाटले शुभकामना मन्तव्य दिएका थिए।

कार्यक्रममा ८० बर्ष पुरा हुनु भएका जेष्ठ नागरिकहरु बुद्धि बहादुर रानाभाट र हरिमाया रानाभाट, संस्थापक अध्यक्ष पित्री प्रसाद रानाभाट, पुर्व अध्यक्षहरु ज्यो. रुद्रबहादुर रानाभाट र एकदेव रानाभाट तथा निवर्तमान अध्यक्ष सु. भिमबहादुर रानाभाट र लोक गायक हरि रानाभाटलाई सम्मान पत्र, अविर र खादाले सम्मान गरिएको थियो।

त्यसै गरि विभिन्न बिषयमा स्नातक तथा स्नातकोत्तर तह उतिर्ण समाजमा आवद्ध सदस्य तथा उनका छोराछोरीहरु पबित्रा रानाभाट, शुभद्रा शाही रानाभाट, कमल रानाभाट, बिन्दु रानाभाट, सबिना रानाभाट, सुदिप रानाभाट, दीक्षा रानाभाटलाई सम्मान पत्र, अबिर र खादा लगाएर सम्मान गरिएको थियो । समाजका अध्यक्ष श्रीराम रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कार्यसमिति सदस्य हरि रानाभाटले संचालन सचिव सुर्य रानाभाट (सुजु) ले गरेका थिए।

# विश्व आस्थामा दिवसमा १२८ जनाले स्वास्थ लाभ लिए

**दुर्गा नेपाली**
पोखरा, २३ बैशाख




पोखराको न्यूरोडमा रहेको कास्की मोडल हस्पिटलको आयोजना तथा सिप्ला कम्पनीको प्राविधिक सहयोगमा विश्व आस्थामा दिवसको अवसरमा मंगलबार हस्पिटलको प्राङ्गणमा छाती तथा दम रोग सम्बन्धि एक दिने निशुल्क स्वास्थ्य परीक्षणमा शिविरमा १२८ जनाले सुविधा लिएका छन् ।

शिविरमा फोक्सोको रोगहरु तथा उपचार संग सम्बन्धि जनचेतना मूलक जानकारी वरिष्ठ छाती रोग विशेषज्ञ डा. शैलेस गुरुङले दिएका थिए ।

मानव शरिरको अत्यन्तै महत्वपूर्ण अंग फोक्सो भएको वताउँदै वायू प्रदुषण, धुम्रपान, मद्यपान, धुँवा धुलो तथा चिल्लो, पिरो र अमिलो धेरै मात्रामा खाँदा पनि फोक्सोमा समस्या देखिने डा. गुरुङले वताए । साथै स्वास नलि सानो हुने, स्वास लिन गाह्रो हुने, घाँटी घ्यार ध्यार हुने जस्ता लक्षण फोक्सोमा आएको समस्याको कारण पनि हुन सक्ने वताए । सो अवसरमा १२८ जनाले चेक जाँच गराएकोमा फोक्सोको पल्मरी फङसन टेस्ट ऍत ९५ जनाको गरिएको वताए ।

सिप्ला कम्पनिका पिएफटि टेक्निसियन संजिब रोक्का लगायत प्राविधिकहरु सविना रानाभाट, रुपा गुरुङ, संगिता श्रेष्ठ, विजु नेपाली, अनिता गुरुङले सहयोग गरेका थिए ।(विद्यार्थी पत्रकार)

# भगवतीटारका महिलाले बनाए सिस्नोबाट साबुन

**विशाल गाहामगर / सागर परियार**
पोखरा, २३ बैशाख

कास्कीको मादी गाउँपालिका वडा नं. १२ मा रहेको भगवती बहुउद्धेश्यीय सिकाई केन्द्रले वडा नं. १२, ११ र १० का महिलाहरुलाई उद्यमी बनाउन भन्दै सिस्नोको साबुन बनाउने लघु उद्यमी ५ दिने तालिम दिएको छ।

मादी गाउँपालिकाको सहयोग र मादी गाउँपालिका वडा नं १२ को समन्वयमा श्री भगवती बहुउद्देश्यीय सिकाई केन्द्रको आयोजनामा संस्थाको भवन भगवतीटारमा प्रदान गरिएको तालिममा सिस्नोको साथै मेवा, तितेपाती, ध्यू कुमारी, लगाएतका जडिबुटि जन्य सामाग्री प्रयोग गरी साबुन वनाउन सिकाईएको थियो । तालिम समापन कार्यक्रममा बोल्दै मादी गाउँपालिका प्रमुख देविजंग गुरुङले सिक्नका लागि मात्रै सिप सिक्ने बानीले गर्दा हामी नेपालीहरु पछि परेको बताउँदै सिकेका कुराहरुलाई व्यवहारमा उतार्न सबैलाई आग्रह गरे। समूह बनाई व्यवसायिक रूपमा सामाग्री उत्पादन गर्न प्रोत्साहन गर्दै उनले बिक्री वितरणका विषयमा बजार व्यवस्थापनको जिम्मा गाउँपालिकाले लिने प्रतिवद्धता समेत व्यक्त गरे।

महिलाहरुलाई सीप सिकाई आत्मनिर्भर बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको आयोजक संस्थाका अध्यक्ष महेन्द्र प्रसाद पौडेलले बताए। उनले वर्तमान समयमा महिलाहरू चुलो चौकोमा मात्र सिमित नभई व्यवसायिक रूपमा अघि बढि घर तथा समाजको आर्थिक वि कासमा पनि योगदान दिन सक्षम रहेको धारणा राखे । कार्यक्रममा मादि गाउँपालिका वडा नं १२ का कार्यबाहक अध्यक्ष लक्ष्मी गिरी, वडा नं ११ वडा सचिव अरुण पौडेल, संस्थाका सल्लाहकारहरु पदम प्रसाद पौडेल र इन्द्रबहादुर खत्री, प्रशिक्षकद्वय सागर कार्की र शोभा कंडेल, दरबारथोक मिडिया प्रा.लि.का अध्यक्ष कृष्ण रानाभाट, प्रशिक्षार्थीहरु नारायणी पौडेल र इन्द्रमाया तामाङले बोलेका थिए।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ भाटगाउँ गैह्राबारी शाही गाउँ कृस्ती निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः भाटगाउँ गैह्राबारी शाही गाउँ कृस्ती
ठेगानाः पोखरा-२१
योजना शुरु हुने मितिः २०८१/१०/२४ गते
योजना सम्पन्न हुने मितिः २०८२/१/१५ गते
योजना सम्पन्न भएको मितिः २०८२/१/०५ गते
योजनाको कुल लागतः रु. ५,९०,९६०.२१
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ९०,९६०.२१
अध्यक्षः सन्तोष अधिकारी
निर्माण समिति सदस्य संख्याः ७

**भाटगाउँ गैह्राबारी शाही गाउँ कृस्ती उपभोक्ता समिति पोखरा-२१**



**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**
**Federal Water Supply and Sewerage Management Project**
**Pokhara**

## Invitation for Bids

**Date of Publication: 2082/01/24**

Federal Water Supply and Sewerage Management Project, Pokhara, Nepal invites electronic bids from eligible and qualified bidders for the following works

| S.N. | IFB No. | Description of works | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Bid Validity Period | Estimated amount excluding VAT (NRS) |
|---|---|---|---|---|---|---|
| 1 | IFB/19/081/082/works/fwssmp/pokhara | Construction of Water Treatment Plant for Pragatinagar Water Supply Project | NRs. 3,000.00 | NRs. 1,50,000.00 | 90 days | NRs. 53,44,350.14 |

The detail notice can be accessed from www.bolpatra.gov.np/egp

**Project Chief**

# सामाजिक बन्धनबाट मुक्त हुने 'थच्याङ' हिमाली संस्कृति

**सुन्दरकुमार थकाली**
मुस्ताङ, २३ बैशाख

जिल्लाको बारागुङ मुक्तिक्षेत्र-३ ताङ्वेमा बसोबास गर्ने ताङ्वे गुरुङ समुदायको थच्याङ मौलिक संस्कृति हो । थच्याङ संस्कृति कुनै पर्व नभई व्यक्तिको उमेर हद कट्यो भन्ने सन्देश प्रवाह गर्ने संस्कार हो । ताङ्वे गुरुङ समुदायमा ५७ वर्ष कटेपछि त्यस्ता व्यक्तिले स्वेच्छिक रूपमा थच्याङ गर्छन् ।

'थच्याङ'को शाब्दिक अर्थ सामाजिक बन्धनबाटमुक्त हुनु हो । यो संस्कृति हिमाली भेकका ताङ्वे गुरुङ समुदायको सदियौँदेखि चल्दै आइरहेको पुरानो सांस्कृतिक प्रचलनका रूपमा लिने गरिएको छ। मुस्ताङमा अझै पनि मुखियाप्रथा विद्यमान छ । मुखियाको अगुवाइमा हरेक सामाजिक कामकाज सम्पन्न हुने गर्छ। गाउँसमाजको बैठक, भेला, खेतीपातीको काजदेखि गाउँमा हरेक कामका सूचना प्रवाह गर्ने कटुवाल (छो) लगायतको काम आलोपालो रूपमा समाजमा बस्नेले गर्नुपर्ने हुन्छ । समाजले तोकेको जिम्मेवारी पूरा नगरेमा वा कुनै कार्यहरूमा अनुपस्थित भएमा समाजलाई जरिवाना तिर्नुपर्ने हुन्छ । समाजले तोकेको यस प्रकारका जिम्मेवारीबाट छुटकारा पाउन ताङ्वे समुदायका गुरुङले ५७ वर्ष पुगेपछि थच्याङ गर्ने प्रचलन अझै जीवन्त रहेको ताङ्वे समाजकी अगुवा सङ्गीता ताङ्वे गुरुङले जानकारी दिनुभयो । "हाम्रो समाजमा ५७ वर्ष नपुगिकन थच्याङ गर्न पाइँदैन, थच्याङ गरेपछि सामाजिक कार्यबाट मुक्त भयो भन्ने सन्देशसहितको संस्कृति हो", गीता ताङ्वे गुरुङले भन्नुभयो, "गाउँले बोलाएको र तोकेको जिम्मेवारीबाट थच्याङ गर्ने व्यक्तिमुक्त हुन्छ, यद्यपि स्वेच्छिक रूपमा काम गर्ने व्यक्तिलाई थच्याङले अवरोध पार्दैन ।" उहाँका अनुसार ताङ्वे समाजमा ५७ वर्ष पुगेको उत्सव थच्याङ सबैका लागि अनिवार्य हुँदैन । यो समुदायमा सक्नेले थच्याङ गर्छन्, नसक्ने व्यक्तिलाई थच्याङ गर्नुपर्छ भन्ने अनिवार्य नहुने ताङ्वे समाजकी अगुवा सङ्गीताले उल्लेख गर्नुभयो । उहाँका अनुसार थच्याङ व्यक्ति र परिवारसँग जोडिएको एक पृथक संस्कृति हो । पहिलापहिला बिहेबारी धुमधामले गर्न नसकेकाहरूले जीवनको उत्तरार्द्धमा थच्याङ संस्कृतिमार्फत उत्सवका रूपमा मनाउने परम्परा रहेको समाजकी सङ्गीताले जानकारी दिनुभयो । "यो प्रचलन ताङ्वे गुरुङ समुदायमा मात्रै सीमित छैन । मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाअन्तर्गतका १९ वटै गाउँका गुरुङ समुदायले स्वेच्छिक रूपमा ५७ वर्ष कटेपछि थच्याङ पर्व मनाउने प्रचलन छ", उहाँले भन्नुभयो ।

यो संस्कृति गर्दा कुलदेवताको पूजा गर्ने प्रचलन छ । थच्याङ दुई दिनसम्म चल्छ । यस अवधिमा हिमालको कुलदेवतादेखि समुन्द्रभित्रसम्म सांस्कृतिक प्रचलनअनुसार गीत गाउँदै बिदा माग्ने गरिन्छ । संसारिक दुनियाँको प्राणी जगत्, वनस्पतिलगायत छुटकारा पाउने संस्कृति प्रचलन थच्याङ हो । थच्याङ गर्ने व्यक्ति र परिवारलाई गाउँसमाजले ठेकीमा छ्याङ (रक्सी) र खादा लगेर पहिलो आर्शिवाद दिने गरिन्छ। त्यसपछि ताङ्वे समुदाय र अन्य साथीभाइ इष्ट्रमित्रहरूले खादा लगाइदिएर आर्शिवाद दिने प्रचलन रहेको सङ्गीताले उल्लेख गर्नुभयो । "आर्शिवाद दिँदा पुरुष व्यक्ति ९९ वर्ष र महिला व्यक्ति ८९ वर्ष बाँचोस् भन्ने कामना गरिन्छ । ताङ्वे समाजमा बिहेबारी गर्दा पुरुषभन्दा महिलाको उमेर १० वर्ष कम हुनुपर्छ भन्ने सांस्कृतिक मान्यता छ", उहाँले भन्नुभयो । थच्याङको दोस्रो तथा अन्तिम दिन समापन हुँदा ५७ वर्ष पुगेका व्यक्ति र उहाँका परिवारलाई घोडामा चढाएर गाउँ परिक्रमा गराइन्छ। घोडामा चढाउँदै समाज र सबैसामु सामाजिक कामबाट मुक्त भएको सन्देश दिने थच्याङ संस्कृतिको मुख्य विशेषता रहेको उहाँले बताउनुभयो । यसैबीच, सोमबार मुस्ताङको जोमसोममा थच्याङ संस्कृति झल्किने गरी परिक्रमा गरिएको छ। समाजका ५७ वर्ष कटेका व्यक्तिको बिदाइमा कुलदेवतालाई सम्झदै 'जीवनको गतिशील कर्मबाट मुक्त भयो' भन्दै ताङ्वे सांस्कृतिक गुरुङ भाषामा गीत गाउँदै पुरुष र महिलाले गाउँ परिक्रमा गराइएको हो । ताङ्वे समुदायले थच्याङ गर्दा स्वदेश तथा विदेशमा बस्ने सबै समुदायका मानिस एक ठाउँमा भेला हुने भएकाले यसले छरिएर रहेका समुदायलाई एकापसमा जोड्ने पुलको काम गरिरहेको स्थानीय देवसिंह ताङ्वेले जानकारी दिनुभयो । उहाँका अनुसार यो संस्कृतिमा समुदायका महिला तथा पुरुष स्थानीय मौलिक वेषभूषा र गरगहना लगाएर चिटिक्क सजिसजाउ हुने गर्दछन्। नाचगान गरेर आपसमा रमाइलो गरी यसलाई उत्सवका रूपमा मनाउने प्रचलन रहेको उहाँको भनाइ छ।

# स्याङ्जामा आगलागीबाट लाखौंको क्षति

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २३ बैशाख

स्याङ्जामा आगलागीका घटना बढ्न थालेका छन् । केही दिन यता जिल्लाका विभिन्न स्थानमा आगलागी भइरहेको छ। आगलागीले घर, गोठ जलेका छन् भने वनजङ्गलमा आगलागी हुँदा बन्यजन्तुको मृत्युसँगै खानेपानीका पाइप जलेर नष्ट भएका छन् ।

पछिल्लो एक हप्तामा मात्रै पुतलीबजार, वालिङ, गल्याङ र अर्जुनचौपारी लगायतका पालिकाका विभिन्न स्थानमा आगलागी भएको डिभिजन वन कार्यालय स्याङ्जाले जनाएको छ । सामुदायिक वन तथा खरबारीहरूमा आगलागीका घटना बढेको वन कार्यालयको भनाइ छ।

केही दिनको अन्तरालमा मात्रै धेरै ठाउँमा आगलागी भएको छ जसका कारण धेरै धनमाल नष्ट भएको छ। पछिल्लो समय सामुदायिक र राष्ट्रिय वनको तुलनामा व्यक्तिगत सम्पत्तिमा आगलागीले ठूलो क्षति पुऱ्याएको छ। चालु वर्षको हालसम्म जिल्लामा १७ स्थानमा आगलागी हुँदा दुई सय ६ हेक्टर जंगल जलेर नष्ट भएको छ। गत वर्षको सोहि अवधिमा एक सय १३ स्थानमा आगलागी हुँदा १८ सय ८ हेक्टर जंगल सखाप भएको थियो ।

पुतलीबजार र वालिङ विभिन्न स्थानमा लागेको आगोका कारण ५० लाख बरारबको व्यक्तिगत पसल, घरगोठ सहित धनमाल नष्ट भएको छ। गएको शुक्रवार र शनिवार आगलागीले अहिलेसम्मकै सबैभन्दा ठुलो क्षती पुऱ्याएको डिभिजन वन कार्यालयका प्रमुख नबराज बरालले जानकारी दिए।

शुक्रवार वालिङ ६ मिर्दिमा रहेको सिरक डसना उद्योगमा आगोलागी हुँदा १४ लाख ५० हजार क्षती पुगेको छ। नुवाकोट मेगन गाउँपालिका वडा नं.-६ घर भएका रमेश तामाङले आलमदेवी सिरक डसना उद्योग सञ्चालन गर्दै आएका थिए । वालिङ ५ बडहरेका टेकबहादुर खड्काको धन्सार र गोठा भएको आगलागीबाट ५ लाख बराबरको क्षती पुगेको बताइएको छ।

उता पुतलीबजार ७ मा खिमबहादुर खत्रीको घरगोठमा आगलागी हुँदा पूर्णरुपले जलेर नष्ट भएको प्रहरीले जनाएको छ। आगलागीबाट २ तले ढुङ्गा माटो र टिनले छाएको कच्ची घरमा विद्युत सर्ट भई आगो लाग्दा जलेर नष्ट भएको थियो। आगलागीबाट सुनका गरगहना ६ तोला, नगद ७० हजार, भाडाकुडाँ सहित लत्ताकपडा जलेर नष्ट हुँदा २० लाख बराबरको क्षती पुगेको प्रहरीले उल्लेख गरेको छ। यस्तै, वालिङ नगरपालिका-१२ भन्ज्याङ् तिलाहरेमा आगलागी हुँदा तीन गोठ जलेर नष्ट भएको छ । स्थानीय कमलकान्त न्यौपानेको बाख्राफर्म पूर्णरूपमा जलेर नष्ट भएको छ भने फर्मसँगै रहेका दुई गोठ जलेर नष्ट भएको वडा अध्यक्ष विश्वजङ्ग गुरुङले जानकारी दिए । वालिङ नगरपालिका-८ भिमटारीमा आगलागी हुँदा खानेपानीको पाइप जलेर नष्ट भएको छ। ११ पालिका रहेको स्याङ्जामा प्रायः सबै पालिकामा आगलागीको घटना भएको प्रहरीले जनाएको छ । अर्जुनचौपारी गाउँपालिकामा आगलागी हुँदा १० लाख बराबरको धनमाल नष्ट भएको छ । अर्जुनचौपारी गाउँपालिका-६ का ८० वर्षीय बुद्धिबहादुर नेपालीको घर र गोठमा आगलागी हुँदा पूर्णरूपमा जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ । जङ्गलमा लागेको आगो बस्तीमा पस्दा घर र गोठ जलेको हो।

# स्याङ्जा-तनहुँ जोडने सडक निर्माण, ७५ प्रतिशत काम पुरा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २३ बैशाख



स्याङ्जाको सदरमुकामबाट तनहुँको दुलेगौडा जोडन् सडकको निर्माण कार्य तिव्र रुपमा अगाडी बढाईएको छ। तिव्र रुपमा निर्माण गरिएको पुतलीबजारको प्रगतिनगर-डाडाँस्वारा पक्की सडकको निर्माण कार्यको ७५ प्रतिशत काम पूरा भएको छ।

पुतलीबजार नगरपालिका अन्तर्गत रहेको प्रगतिनगर-बहाकोट-नाम्चे-काल्खु मोटरबाटो फराकिलो बनाउने काम सकिएको छ । सडकमा पर्खाल लगाउने, नाली बनाउने, ग्रेड मिलाउने लगायतका कामहरु पूरा भएर कालोपत्रेको काम थाल्न शुरु हुन लागेको पुतलीबजार नगरपालिकाका ईन्जिनियर सुदीप बरालले जानकारी दिए । "बाटो फराकिलो बनाउने काम सबै पूरा भएको छ। टेवा, पर्खाल र नाली निर्माणका काम ९५ प्रतिशत पूरा भएको छ ।" ईन्जिनियर बराललेभने, "यसैगरी नाली तर्फ ५ दशमलव ९ किलोमिटर, ५ दशमलव ५ किलोमिटर ग्रेड मिलाउने र ५ दशमलव ३ किलोमिटरमा सबबेश बिछ्याउने काम सम्पन्न भएको छ।" बैशाख महिनाको मध्येसम्म भौतिक प्रगति करिब ७५ प्रतिशत पूरा भएको छ।

वैशाखको अन्तिम साताभित्र कालोपत्रे गर्नेगरी तयारी भइरहेको छ। विश्व बैंकको आर्थिक सहयोग तथा पुतलीबजार नगरपालिकाको प्राविधिक सहयोगमा कच्ची सडक फराकिलो बनाउनुका साथै कालोपत्रे गरिने नगरप्रमुख तुलसीराम रेग्मीले बताए । सडकले स्याङ्जाको सदरमुकाम र तनहुँ जिल्लाको व्यापारिक केन्द्र दुलेगौडा जोड्ने छ।

पुतलीबजार हुँदै तनहुँको दुलेगौडासँग जोडिने सडकबाट पुतलीबजार नगरपालिकाका वडा नं. ३, ५, ७, ८, ९ का स्थानीयवासी प्रत्यक्ष लाभान्वित हुनेछन् भने हजारौं व्यक्तिले उक्त सडकको उपयोग गर्न पाउने नगरप्रमुख रेग्मीले जानकारी दिए। काठमाडौंको लामा कन्स्ट्रक्सन कम्पनीले निर्माणको जिम्मा पाएको सडक निर्माणमा विश्व बैंकको ४३ करोड १८ लाखको लागतमा निर्माण गरिने पक्की सडक अबको ३ महिनाभित्र महिनाभित्र पूरा गरिसक्नु पर्नेछ । सन् २०२४ अप्रिलमा सम्झौता भएको सो सडक २०२५ जुलाईमा निर्माण कार्य सक्नुपर्ने बाध्यकारी समयसिमा रहेको छ।

शहरी शासकीय तथा पूर्वाधार कार्यक्रम अन्तर्गत विश्व बैंकको ऋण तथा अनुदान सहयोग तथा पुतलीबजार नगरपालिकाको प्राविधिक सहयोगमा सडक कालोपत्रे गर्न लागिएको हो । तोकिएको समयमै सडक निर्माण सम्पन्न गर्नेगरी निर्माण अघि बढाइएको निर्माण कम्पनीका प्रमुख ईन्जिनियर नरनाथ पौडेलले जानकारी दिए।

प्रगतिनगर शिक्षा चोकदेखि काँफलडाँडा-भन्ज्याङ्-बहाकोट-नाम्चे-काल्खुसम्मको ७ दशमलव ६ किलोमिटर पक्की सडक बन्दैछ । नाली र टेवा पर्खाल सहित दुई लेनको सडकको चौडा ७ मिटरको हुने नगरपालिकाले जनाएको छ।

# 'तल्लो मोदी-नयाँ मोदी प्रसारण लाइन' निर्माण सुरु

**पोखरापत्र संवाददाता**
पर्वत, २३ बैशाख

ऊर्जा नदीका रूपमा विकास भएको यहाँको मोदीखोलामा उत्पादित जलविद्युत्‌लाई एकीकृत रूपमा राष्ट्रिय प्रसारण लाइनमा जोड्ने उद्देश्यले तल्लो मोदी-नयाँ मोदी प्रसारण लाइन निर्माण सुरु गरिएको छ।

कुश्मा नगरपालिका-७ खरेहादेखि मोदी गाउँपालिका-२ देउपुरमा रहेको नयाँ मोदी प्रसारण लाइनको स्टेसनसम्म नयाँ प्रसारण लाइन निर्माण सुरु गरिएको हो । प्रसारण लाइनका लागि हाल जग्गा अधिग्रहण भइरहेको छ।

नेपाल विद्युत प्राधिकरणले निर्माण गर्न लागेको कुश्मा तल्लो मोदी-नयाँ मोदी प्रसारण लाइन आयोजनाका लागि पहिलो चरणमा रु एक करोड बराबरको जग्गा अधिग्रहण भइसकेको अयोजना प्रमुख रोशन अग्रवालले जानकारी दिनुभयो।

आयोजना प्रमुख अग्रवालका अनुसार यो प्रसारण लाइन करिब साढे आठ किलोमिटर लम्बाइको हुनेछ। तल्लो मोदीदेखि नयाँ मोदी सबस्टेसनसम्मको प्रसारण लाइन करिब सात/आठ महिनाअगाडि निर्माण भइसक्नुपर्ने थियो, जग्गा अधिग्रहणकै कारण ढिला भएको उहाँले बताउनुभयो । सम्झौता मिति अझै बाँकी भए पनि यो काम पूरा गर्न डेढ वर्ष लाग्न सक्ने अग्रवालको भनाइ छ।

कुश्मादेखि नयाँ मोदीसम्म प्रसारण लाइनले जोडेपछि विद्युत् व्यवस्थापनका लागि 'रिङ लाइन' निर्माण हुने भएको छ । "अहिले कुश्माबाट बुटवल हुँदै भरतपुर, दमौली, लेखनाथ, लाहाचोक हुँदै न्यू मोदीमा आएको छ। अब यो न्यू मोदी र कुश्मा जोडियो भने प्रसारण लाइनको सर्कल बन्छ", आयोजना प्रमुख अग्रवालले भन्नुभयो, "यो सर्कल बनेपछि कुनै एक ठाउँमा सिस्टम फेल भए पनि विद्युत् को आपूर्ति दुरुस्तै रहन्छ ।" यो प्रसारण लाइन एक सय ३२ केभी डबल सर्किट रहेको अग्रवालले जानकारी दिनुभयो। आयोजनाको काम सम्पन्न गर्न रु ३५ करोडमा ठेक्का सम्झौता भएको भए पनि जग्गा व्यवस्थापनसहितका अन्य कामहरू गर्दा करिब रु ५० करोड खर्च लाग्ने अनुमान गरिएको छ।

एक सय ३२ केभी प्रसारण लाइन आयोजनाको टावर फाउन्डेसन निर्माणका लागि विभिन्न २६ वटा कित्ता जग्गाहरू अधिग्रहण गरी रु एक करोड पाँच लाख मुआब्जा वितरण गर्न लागिएको प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरेले जानकारी दिनुभयो । अधिग्रहण गरिएका जग्गाको मुआब्जा निर्धारण भएकाले रकम बुझ्न आउन जिल्ला प्रशासन कार्यालयले जग्गाधनीहरूलाई सूचना जारी गरेको छ।

प्रसारण लाइनका टावर निर्माणका लागि पहिलो चरणमा मोदी गाउँपालिका-५ बाजुङ तथा कुश्मा नगरपालिका-३ दुर्लुङ, कुश्मा नगरपालिका-७ खरेहा तथा वडा नं ८ चुवामा अधिग्रहण गरिने जग्गाको मुआब्जा दिन लागिएको हो । जग्गा प्राप्ति ऐन २०३४ को दफा ९ बमोजिम मुआब्जा प्राप्त गर्नेहरूलाई मुआब्जा बुझ्नका आह्वान गरिएको प्रजिअ घिमिरेले बताउनुभयो ।

पर्वतको मोदीखोलाबाट हाल चारवटा विद्युत् आयोजनामार्फत करिब ७४ मेगावाट विद्युत् उत्पादन भइरहेको छभने केही आयोजनाहरू निर्माण हुने चरणमा छन् ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ गौंडाकोमुखमा अवस्थित श्री नवदुर्गा भगवती मन्दिरको कम्पाउण्ड वाल निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः गौंडाकोमुख नवभगवती मन्दिर संरक्षण
ठेगानाः पोखरा-१३, गौंडाकोमुख
योजना सुरु हुने मितिः २०८१/०९/१५ गते
योजना सम्पन्न हुने मितिः २०८१/११/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/०१/१० गते
योजनाको कुल लागतः रु. ५,८८,२३५।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ८८,२३५।--
निर्माण समिति सदस्य संख्याः १३ जना महिलाः २ पुरुष : ११
अध्यक्षः माधव नारायण श्रेष्ठ सम्पर्क नं.: ९८४६०४११४८

**गौंडाकोमुख नव भगवती मन्दिर संरक्षण उपभोक्ता समिति**
**पोखरा-१३, गौंडाकोमुख**



## आँधिखोला कोरीडोर (पुतली बजार-लम्की-भिरकोट-वालिङ नगरपालिका-आँधि मुहान) (२०.५०३ कि.मि) सडक स्तरोन्नति कार्य सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२४)**

गण्डकी प्रदेश, कास्की जिल्लाको पोखरा महानगरपालिका, वडा नं. ३३ मा कृषि क्षेत्र बिस्तारका निमित्त जग्गा ब्यबस्थापन कार्य गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | कृषि क्षेत्र बिस्तारका निमित्त जग्गा ब्यवस्थापन कार्य, पोखरा महानगरपालिका, वडा नं. ३३ |
| प्रस्तावको व्यहोरा | पोखरा महानगरपालिका, वडा नं. ३३, कास्की जिल्ला, गण्डकी प्रदेशमा कृषि क्षेत्र बिस्तारका निमित्त जग्गा ब्यबस्थापन कार्य गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका | कास्की जिल्लाको पोखरा महानगरपालिका, वडा नं.३३ |
| कित्ता नं. | ११८५, ११८९, ११९३, १२१७, १३०७, १३०८ र १३०९ को कुल १३०१६.४७ वर्ग मिटर क्षेत्रफलबाट कुल ९३५० घनमिटर निर्माणजन्य सामाग्री उत्खनन गर्ने |

उपरोक्त प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

**१. पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**प्रगतिनगर, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल**
**फोन नः ०६३-४२०४०९ ईमेलः** info@putalibazarmun.gov.np

**२. ग्रिनहेराल्ड इन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा. लि., नयाँ बानेश्वर, काठमाडौं,**
**फोन नं. ९८४१४३१५८२ इमेलः** geecnepal@gmail.com